# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत ३ गते २०६१ साल (अतिरिक्ताङ्क ६१

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. ३३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठन भएको न्यायिक प्रतिष्ठान परिषद् सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा १७ को उपदफा (२) बमोजिम खटिएको वा नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "न्यायिक निकाय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको अदालत, विशेष अदालत, न्यायाधिकरण वा न्यायिक निर्णय गर्ने निकाय सम्झनु पर्छ र सो शब्दले सरकारी वकील कार्यालय र कानून तथा न्यायको क्षेत्रसंग सम्बन्धित अन्य निकाय समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-२

**प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था**

३. **राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना** : (१) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने काम समेतको लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना गरिएकोछ ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्रतिष्ठानले आवश्यकता अनुसार काठमाडौं उपत्यका बाहिर पनि प्रतिष्ठानको कार्यालय खोल्न सक्नेछ ।

४. **प्रतिष्ठान स्वशासित र संगठित संस्था हुने**: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्नको निमित्त आवश्यकतानुसार तालीम, प्रशिक्षण, सम्मेलन, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा त्यस्तै किसिमका अन्य कार्यक्रम सञ्चालन गर्ने,

(ख) कानून र न्यायको क्षेत्रसंग सम्बन्धित विषयमा अनुसन्धान गर्ने तथा अनुसन्धानमूलक सामग्री प्रकाशन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

(ग) कानून र न्यायसंग सम्बन्धित विषयमा परामर्श तथा सूचना सेवा उपलब्ध गर्ने, गराउने,

(घ) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र कार्य दक्षता अभिवृद्धि गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग तथा नेपाल कानून व्यवसायी परिषद्संग समन्वय गर्ने,

(ङ) अर्धन्यायिक निकायमा कार्यरत न्यायिक काम गर्ने कर्मचारीको कार्य क्षमता र कार्य दक्षता अभिवृद्धि गर्न आवश्यकतानुसार तालीम, गोष्ठी, सम्मेलन सञ्चालन गर्ने,

(च) कानून र न्यायको क्षेत्रमा देखिएका कमी, कमजोरी र त्रुटीलाई सुधार गर्न सम्वन्धित निकायलाई सहयोग गर्ने,

(छ) कानून र न्यायको क्षेत्रमा विकसित नयाँ प्रविधि र प्रयोगको सम्बन्धमा न्यायिक निकायमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गराउने,

(ज) न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने,

(झ) न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय छिटो, सरल र सर्वसुलभ गराउने उद्देश्यसंग आवद्ध गर्ने,

(ञ) न्याय सम्पादन, फैसला कार्यान्वयन, कानून तर्जुमा र न्याय प्रशासन सम्वन्धी कार्यविधिका सम्बन्धमा ज्ञान र सीप अभिवृद्धि गरी प्रशिक्षणलाई वृत्ति विकाससंग आवद्ध गर्ने,

(ट) कानून व्यवसायलाई प्रतिस्पर्धि, सक्षम, सेवामूलक तथा प्रभावकारी व्यवसायको रुपमा विकास गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ठ) कानून र न्यायका क्षेत्रमा देखिएका समस्या समाधानको लागि सम्वन्धित विषयका विज्ञहरुलाई सहभागी गराई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यकतानुसार सेमिनार, गोष्ठी, सम्मेलन, कार्यशाला सञ्चालन गर्ने,

(ड) अन्य मुलुकका न्यायिक प्रशिक्षण सम्बन्धी संस्थासंग सम्पर्क राखी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन आवश्यक सहकार्य गर्ने,

(ढ) कानून र न्यायको क्षेत्रमा सञ्चालन गरिने क्षमता विकास सम्बन्धी कार्यक्रमको सम्बन्धमा श्री ५ को सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्था बीच सम्पर्क निकायको रुपमा काम गर्ने,

(ण) न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न आवश्यकतानुसार श्री ५ को सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थासँग संयुक्त रुपमा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(त) प्रतिष्ठानको कार्यक्रम सञ्चालन र विकासको लागि श्री ५ को सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने,

(थ) न्यायिक जनशक्तिको क्षमता विकासको लागि विदेशी न्यायिक संस्था तथा प्रशिक्षण संस्थाहरुको अवलोकन भ्रमण तथा वैदेशिक तालीम, गोष्ठी, कार्यशाला आदि आवश्यक विविध कार्यक्रमको व्यवस्था मिलाउने ,

(द) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

परिच्छेद-३

## परिषद् सम्बन्धी व्यवस्था

**परिषद्को गठन** : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा काम गर्न एक न्यायिक प्रतिष्ठान परिषद् रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्‌को गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधान न्यायाधीश- -अध्यक्ष

(ख) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री -सदस्य

(ग) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सर्वोच्च अदालतका न्यायाधीशहरु मध्येबाट दुईजना -सदस्य

(ङ) महान्यायाधिवक्ता -सदस्य

(च) सर्वोच्च अदालतका सेवा निवृत्त न्यायाधीशहरु मध्येबाट एकजना -सदस्य

(छ) डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ज) पुनरावेदन अदालतका न्यायाधीशहरु मध्येबाट एकजना -सदस्य

(झ) कानून विषयमा प्राध्यापक भई कम्तिमा पाँच वर्ष अध्यापन गरेका व्यक्तिहरु मध्येबाट एकजना - सदस्य

(ञ) अध्यक्ष, नेपाल बार एशोसियसन - सदस्य

(ट) जिल्ला अदालतका न्यायाधीशहरु मध्येबाट एकजना -सदस्य

(ठ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ), (च), (ज), (झ) र (ट) बमोजिमका सदस्यहरुको मनोनयन प्रधान न्यायाधीशले गर्नेछ र निजहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) परिषद्‌ले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई परिषद्‌को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. **परिषद्‌को बैठक :** (१) परिषद्‌को बैठक वर्षको कम्तिमा दुई पटक बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षको निर्देशनमा परिषद्को सदस्य-सचिवले बोलाउनेछ ।

(३) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची सात दिन अगावै परिषद्का सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने,

(ङ) प्रतिष्ठानको लागि आवश्यक नियम बनाउने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

९. **समितिको गठन** : (१) यस अध्यादेशमा अन्यथा लेखिएकोमा बाहेक प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने काम गर्नको लागि एक कार्यकारी समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी निर्देशक - अध्यक्ष

(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ग) सचिव, न्याय परिषद् - सदस्य

(घ) रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य

(ङ) वरिष्ठतम नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) सचिव, नेपाल बार एशोसियसन -सदस्य

(छ) परिषद्ले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी -सदस्य-सचिव

(३) समितिले आवश्यक देखेमा कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

१०. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको योजना तर्जुमा गर्ने,

(ख) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(घ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलब्ध गर्ने, गराउने,

(ङ) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने, गराउने,

(च) प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२

परिच्छेद-५

**प्रशिक्षण कार्यक्रम सम्बन्धी व्यवस्था**

१२. **प्रशिक्षण कार्यक्रम र क्षेत्र निर्धारण गर्न सक्ने**: (१) प्रतिष्ठानले आवश्यकतानुसार न्यायिक निकायसंग परामर्श गरी प्रशिक्षण कार्यक्रम र तत् सम्बन्धी क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित प्रशिक्षण कार्यक्रम र क्षेत्रको आधारमा प्रतिष्ठानले प्रशिक्षण तथा मूल्याङ्कन पद्धति, सामग्री र विषय निर्धारण गर्नेछ ।

१३. **प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गराउने** : (१) प्रतिष्ठानले आफूले सञ्चालन गरेको कार्यक्रमलाई सम्बन्धित विशेषज्ञको सहयोग लिई समय समयमा मूल्याङ्कन गराउनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार परिमार्जन वा परिवर्तन गर्न सक्नेछ ।

१४. **प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्ने** : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीको काम तथा विषयको प्रकृति हेरी उपयोगी तथा आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्नेछ ।

१५. **प्रशिक्षण सामग्री व्यवस्था गर्न सक्ने** : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमहरुको लागि आवश्यक र उपयुक्त प्रशिक्षण सामग्रीको व्यवस्था गर्न सक्नेछ ।

१६. **प्रशिक्षक सूची तयार गर्ने** : (१) प्रतिष्ठानले कानून र न्यायको विषयमा तालीम वा प्रशिक्षण दिन सक्ने व्यक्तिहरुको प्रशिक्षक सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा प्रतिष्ठानले सम्भव भएसम्म विषयगत र क्षेत्रगत रुपमा अलग अलग सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई प्रतिष्ठानले समय समयमा अद्यावधिक गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४

## परिच्छेद-६

## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था :** (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि एक कार्यकारी निर्देशक रहनेछ ।

(२) पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा वहाल रहेको वा सर्वोच्च अदालतको न्यायाधीशको पदमा वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा काम गरिसकेको व्यक्तिमध्ये व्यवस्थापन, अनुसन्धान तथा प्रशिक्षण कार्यमा दक्षता भएको व्यक्तिलाई न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले कार्यकारी निर्देशकको पदमा खटाउन वा नियुक्त गर्न सक्नेछ ।

तर पुनरावेदन अदालतको वहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई कार्यकारी निर्देशकको पदमा खटाउँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम गरिनेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक देखिएमा निजलाई एक अवधिको लागि पुनः खटाउन वा नियुक्त गर्न सकिनेछ ।

तर कार्यकारी निर्देशकको पदमा खटिएको बहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदावधि पूरा नहुँदै न्याय परिषद्को सिफारिसमा मुख्य न्यायाधीश वा न्यायाधीशकै पदमा काम गर्ने गरी फिर्ता गर्न सकिनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवाका अन्य शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

१८. **कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने:** (१) कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको कार्य सन्तोषजनक नदेखिएमा वा निज खराव आचरणमा लागेको छ भन्ने परिषद्लाई लागेमा न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले निजलाई पदावधि समाप्त नहुँदै कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वहालवाला न्यायाधीशको पदबाट खटिएको कार्यकारी निर्देशकलाई खराब आचरणको आधारमा गरिने कारबाही निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम हुनेछ ।

१९. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् तथा समितिबाट भएका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालिन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् तथा समितिमा पेश गर्ने,

(ग) प्रतिष्ठानको प्रगति विवरण तथा वार्षिक प्रतिवेदन परिषद् तथा समिति समक्ष पेश गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२०. **न्यायाधीशलाई प्रतिष्ठानको काममा खटाउन सकिने:** प्रतिष्ठानको अनुरोधमा पुनरावेदन अदालत वा जिल्ला अदालतको न्यायाधीशलाई प्रतिष्ठानको अनुसन्धान, अन्वेषण वा प्रशिक्षण सम्बन्धी कुनै काम गर्ने गरी अवधि तोकी काजमा खटाउन सकिनेछ ।

२१. **प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था :** (१) प्रतिष्ठानमा तोकिए बमोजिमका कर्मचारीहरु रहनेछन् ।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) प्रतिष्ठानको अनुरोधमा नेपाल न्याय सेवाको कर्मचारीलाई प्रतिष्ठानको काम गर्नको लागि अवधि तोकी काजमा खटाउन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-७

**कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था**

२२. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था आदिबाट प्राप्त रकम,

(ग) प्रतिष्ठानबाट परामर्श सेवा तथा अनुसन्धान कार्यबाट प्राप्त रकम,

(घ) प्रतिष्ठानबाट प्रकाशित प्रकाशनहरुको बिक्रीबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रतिष्ठानको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रतिष्ठानको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) प्रतिष्ठानको कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२३. **लेखा र लेखा परीक्षण** : (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

परिच्छेद-८

**विविध**

२४. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) प्रतिष्ठानले यस अध्यादेश बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ ।

२५. **वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने** : (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धी तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन:** (१) परिषद्ले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार दफा २४ बमोजिम गठित उपसमिति वा कार्यटोली, कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार कुनै अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **श्री ५ को सरकारसंग सम्पर्क** : प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **नियम बनाउने अधिकार** : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर पारिश्रमिक, सुविधा तथा श्री ५ को सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा श्री ५ को सरकारसंग परामर्श गर्नु पर्नेछ ।

२९. **बचाउः** सम्बत् २०६१ साल असोज ४ गते जारी भएको राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

**लालमोहर सदर मितिः २०६१।१२।३।४**

आज्ञाले,
डा.कुलरत्न भूर्तेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।